२०७६ सालको ऐन नं.:...

# खिजीदेम्वा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०७६

गाउँ सभाबाट स्वीकृत मिति :२०७६/०३/१०

## खिजीदेम्वा गाउँपालिका

# उद्देश्य र कारण

खिजीदेम्वा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न केही कर, शुल्क र दस्तुर लगाउन, लगाई राखेकोलाई चालु राख्न, हेरफेर गर्न आवश्यक भएकोले प्रस्तुत विधेयक पेश गर्नु परेको हो ।

प्रस्तुत विधेयकको व्यवस्थाले राजस्व, कर, शुल्क, र दस्तुरको निर्धारण, त्यस्तो कर दस्तुरको दर बढाउने, घटाउने व्यवस्थाको साथै सेवा दस्तुर, पूर्वाधार कर, सडक निर्माण तथा सम्भार दस्तुर र सवारी साधन कर, घरजग्गा रजिष्ट्रेशन दस्तुर, वन पैदावार शुल्क लगायतका शुल्क, दस्तुर, कर सम्बन्धी व्यवस्थाहरुलाई समयानुकुल निर्धारण गरिएको छ ।

द्रष्टव्यः यो विधेयक अर्थ विधेयक हो ।

**(सुशिला तामाङ)**
**उपाध्यक्ष,**
**खिजीदेम्वा गाउँपालिका**

# खिजीदेम्वा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना :**

खिजीदेम्वा गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम खिजीदेम्वा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि खिजीदेम्वा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पत्ति कर :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत) :** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय कर वा दर्ता शुल्क :** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम कर वा दर्ता शुल्क लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरेको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लागइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर :** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन कर :** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर :** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क :** गाउँपालिका क्षेत्रभित्र हुने आफूले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल विटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क** : गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ उपलब्ध गराए बापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (११) बमोजिम शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर** : गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क** : गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूचि (१३) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको कर छुट दिइनेछैन ।

१६. **कर तथा संकलन सम्बन्धी कार्यविधि** : यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**आगामी आ.व. को लागि प्रस्तावित कर तथा गैर कर राजश्व दर** : आगामी आर्थिक वर्ष २०७६/०७७ को लागि तपशिलका शीर्षकहरुमा तपशिल अनुसारको करको दर प्रस्ताव गर्ने ।

अनुसूची १

(दफा २ सँग सम्बन्धित)

**म् त्त रु**

| क.सं. | सम्पत्तीको मुल्यांकन | करको दर | कैफियत |
|---|---|---|---|
| १ | रु.१ देखि रु. ५ लाखसम्म | ५०।०० | |
| २ | रु. ५ लाख १ भन्दा माथि रु. १० लाखसम्म | १००।०० | |
| ३ | रु. १० लाख १ भन्दा माथि रु. २० लाखसम्म | २५०।०० | |
| ४ | रु. २० लाख १ भन्दा माथि रु. ५० लाखसम्म | ४००।०० | |
| ५ | रु. ५० लाख १ भन्दा माथि रु. १करोडसम्म | १०००।०० | |
| ६ | रु. १करोड १ भन्दा माथि रु. २करोडसम्म | २०००।०० | |
| ७ | रु. २करोड १ भन्दा माथि रु. ४करोडसम्म | ५०००।०० | |
| ८ | रु. ४करोड १ भन्दा माथि ०.१० प्रतिशतका दरले कुल मुल्यमा | ०.१० | |

अनुसूची २

(दफा ३ सँग सम्बन्धित)

**भूमिकर (मालपोत) का दरहरु**

| क.सं. | जग्गाको किसिम | | भूमि कर (मालपोत) |
|---|---|---|---|
| १. | खिजीफलाटे बजार क्षेत्रका सवै किसिमका जग्गा प्रति रोपनी | वार्षिक | २० |
| २. | लिखु भुसिङा सडकले छोएको सवै किसिमका जग्गाहरु प्रति रोपनी | वार्षिक | १५ |
| ३. | वडा कार्यालय जोड्ने बाटोले छोएको सवै किसिमकाजग्गाहरु प्रति रोपनी | वार्षिक | १० |
| ४. | कच्ची वाटोले छोएको सवै किसिमकाजग्गाहरु प्रति रोपनी | वार्षिक | ५ |
| ५. | बाटोले नछोएको सवै किसिमकाजग्गाहरु प्रति रोपनी | वार्षिक | ३ |

अनुसूची ३

(दफा ४ सँग सम्बन्धित)

**बहाल करका दरहरु**

| क.सं. | घरको प्रकार | करको दर | कैफियत |
|---|---|---|---|
| १ | सवै किसिमका घरको वहाल कर | १० प्रतिशत | |
| गाउँपालिकाको स्वामित्वमा रहेको व्यवस्थित सटर, पसल, कबल, भवन, खेती योग्य जमिन वा अन्य जमिन लिजमा दिँदा प्रचलित कानून बमोजिम प्रतिस्पर्धात्मक विधिबाट लिजमा वा ठेक्कामा लगाउन सकिनेछ । | | | |

अनुसूची ३

(दफा ४ सँग सम्बन्धित)

## व्यवसाय कर वा दर्ता शुल्कका दरहरु

| क.सं. | व्यवसायको किसिम | ठूला रु. १ करोड भन्दा बढी लगानी भएका | मझौला रु. २० लाख भन्दा १ करोडसम्म बढी लगानी भएका | खुद्रा/लघु/घरेलु रु. २० लाख सम्म लगानी |
|---|---|---|---|---|
| **व्यापारिक बस्तुहरु** | | | | |
| १. | पान,चुरोट,विडी, सुर्ती जन्य पदार्थको विक्रेता | २००० | १००० | ५०० |
| २ | मदिरा, वियर, कोल्ड ड्रिंक्स | २०००० | ५००० | ३००० |
| ३ | नास्ता, खाना सहितको होटल | २००० | १००० | ५०० |
| ४ | सुनचाँदी पसल गहना बनाउने, प्रशोधन र विक्री गर्ने | ७००० | ५००० | ३००० |
| ५ | स्टेशनरी तथा पुस्तक | | २००० | १५०० |
| ६ | फर्निचर तथा फर्निसिङ, बेड विस्तारा निर्माण | ५००० | ३००० | २००० |
| ७ | मोबाईल, घडी लगायतका इलेक्ट्रोनिक सामान | | २००० | १००० |
| ८ | कम्प्युटर, फोटोकपी लगायत सो सामान विक्री वितरण गर्ने पसल | २००० | १००० | ५०० |
| ९ | पेट्रोल पम्प प्रति पम्प | | ७००० | ३००० |
| १० | सवारी साधन जीप,कार, ठुला सवारी साधन विक्रेता | २०००० | १५००० | १०००० |
| ११ | सवारी साधन, मोटर साईकल, स्कुटर र पार्टस विक्री | १५००० | ८००० | ५००० |
| १२ | सवारी मर्मत जीप, कार, बस ठूला सवारी मर्मत | १०००० | ८००० | ४००० |
| १३ | सवारी साधन मोटर साईकल, स्कुटर मर्मत | | | १००० |
| १४ | साइकल पसल, तथा मर्मत | | | १००० |
| १५ | गिफ्ट सप | | | १५०० |
| १६ | टिनको बाकस , फर्निचर | | | १५०० |
| १७ | बेत, बासको फर्निचर बनाउने | | | १५०० |
| १८ | एग्रोभेट, भेटिनरी | | २००० | १००० |
| १९ | अन्य पसल | | २००० | १००० |
| **दैनिक उपभोगजन्य पदार्थहरु** | | | | |
| २० | कपडा पसल, फेन्सी स्टोर | २००० | १००० | ५०० |
| २१ | खाद्यान्न किराना पसल | २००० | १००० | ५०० |
| २२ | भाडा पसल | २००० | १००० | ५०० |
| २३ | किराना लगायतको घुम्ती पसल | | | ५०० |
| २४ | खाद्यान्न खरिद विक्री सप्लायर्स | १०००० | ५००० | २००० |
| २५ | कपडा सर्टिङ सुटिङ, सिलाई | २००० | १००० | ५०० |
| २६ | मैनवत्ती उद्योग | | | ५०० |
| २७ | दुग्ध उद्योग, डेरी उद्योग | | | १००० |
| २९ | पानी सम्बन्धी उद्योग | ८००० | ५००० | २००० |
| **निर्माण सेवा** | | | | |
| ३० | हार्डवेयर पसल | ३००० | २००० | १००० |
| ३१ | सिमेन्ट र फलामे डण्डी, अलग्गै बिक्र गर्ने | ३००० | २००० | १००० |

| | | | | |
|---|---|---|---|---|
| ३२ | शिसा प्लाइउड सनमाईका रंग रोगन तथा स्यानिटरीका सामान वेच्ने | ३००० | २००० | १००० |
| ३३ | बिजुलीका सामानहरु | | २००० | १००० |
| ३४ | गिटी ढुंगा, बालुवा, इटा | ३००० | २००० | १००० |
| ३६ | काठ मिल | ३००० | २००० | १००० |
| ३७ | निर्माण व्यवसायी घ वर्ग क्रमश | | | ५००० |
| ३८ | केबुलकार, रोपवे, ट्रलिबस, फलाइङ ब्रिज जस्ता उद्योग | | | ५००० |
| ३९ | निर्माण उपकरण जे.सि.वी., एक्साभेटर, रोलर, ट्रिपर आदि भाडामा दिने सेवा उद्योग | ५ भन्दा माथि रु.२०००० | २ देखि ५ सम्म रु.१५००० | एकमात्र रु. १०००० |
| ४० | मिक्सर, थ्रेसर | | | ३००० |
| ४१ | ह्युमपाइप, ब्लक, टायल, कुवाको रिङ लगायत निर्माण | | | ३००० |
| ४२ | इटा उद्योग | | | १०००० |
| **कृषि तथा पशुजन्य व्यवसाय** | | | | |
| ४३ | ह्याचरी उद्योग | | ५००० | २००० |
| ४४ | पोल्ट्री फर्म | ५००० | ३००० | १५०० |
| ४५ | माछा पालन | ५००० | ३००० | १५०० |
| ४६ | गाई भैसी पालन | ५००० | ३००० | १५०० |
| ४७ | बाखा, बंगुर लगायत मासुजन्य चौपाया पालन | ५००० | ३००० | १५०० |
| ४८ | मासु पसल, माछा पसल | ५००० | ३००० | १५०० |
| ४९ | पशु पंक्षी बधशाला | १०००० | ८००० | ३००० |
| ५० | तरकारी फलफूल पसल | | १५०० | ५०० |
| | ताराकारी फर्म, फलफूल फर्म, फूल उत्पादक फर्म | | ३००० | १५०० |
| ५१ | चामल मिल , च्युरा मिल | ५००० | ३००० | १५०० |
| ५२ | तेल मिल | ५००० | ३००० | १५०० |
| ५३ | कुटानी पिसानी घरेलु उद्योग | | | १५०० |
| ५४ | मसला पिस्ने घरेलु उद्योग | | | १५०० |
| ५५ | नर्सरी फलफूल, फूल, जडिबुटी | | | १५०० |
| ५६ | चिस्यान केन्द्र (निजी) | | ७००० | ५००० |
| ५७ | चिस्या केन्द्र (सामुदायबाट संचालित) | | ५००० | ३००० |
| **सेवा उद्योग** | | | | |
| ५८ | अपसेट प्रेस, फ्लेक्स प्रिन्ट | | | २००० |
| ५९ | स्क्रिन प्रिन्ट छाप बनाउनेलाई | | | १५०० |
| ६० | डिजिटल फोटोल्याव | | | १५०० |
| ६१ | फोटो स्टुडियो मात्र | | | १००० |
| ६२ | फोटोकपी, प्रिन्ट सेवा | | | १००० |
| ६३ | होटल लज सहितको | १०००० | ५००० | ३००० |
| **ढुवानी व्यवसाय** | | | | |

| | | | | |
|---|---|---|---|---|
| ६४ | ट्रक व्यवसाय (संख्या अनुसार) | ५ भन्दा माथि रु.१०००० | २ देखि ५ सम्म रु.७००० | एकमात्र ट्रक रु. ३००० |
| ६५ | ट्रिपर, जीप, पिक अप मिनि ट्रक, ट्राक्टर | ५ भन्दा माथि रु.१०००० | २ देखि ५ सम्म रु.७००० | एकमात्र ट्रक रु. ३००० |
| ६६ | पावर ट्रिलर, ट्रली, ठेला गाडी | | | ५०० |
| **सञ्चार सेवा** | | | | |
| ६७ | एफ एम १०० वाटसम्मको | | | ५००० |
| ६८ | स्थानीय पत्रपत्रिका | | | १५०० |
| ६९ | इन्टरनेट इमेल, साइवर सेवा | | | १५०० |
| ७० | कुरीयर सेवा सञ्चालन | | | १५०० |
| **वित्तिय सेवा** | | | | |
| ७१ | मनिट्रान्सफर, मनी एक्सचेन्जर | | | ३००० |
| ७२ | बैंक तथा वित्तीय संस्थाहरु | | | ५००० |
| **स्वास्थ्य सेवा** | | | | |
| ७२ | नर्सिङ होम (१० सैया माथि र १० सैया मुनीका) | | ७००० | ५००० |
| ७३ | क्लिनिक तथा ल्याब | | | २००० |
| ७४ | फार्मेसी, औषधी पसल | | ४००० | १५०० |
| ७५ | डाक्टर परामर्श सेवा | | | २००० |
| **शिक्षा सेवा** | | | | |
| ७६ | आवासीय विद्यालय (सामुदायिक विद्यालय बाहेक), | | मा.वि.रु. १५००० | आधारभुत १०००० |
| ७७ | मन्टेश्वरी, बाल विकास, प्ले ग्रुपको | | | ५००० |
| ७८ | टिउसन सेन्टर, कोचिङ सेन्टर | | | २००० |
| ७९ | ड्राइभिङ तालिम केन्द्र तथा अन्य प्रशिक्षण केन्द्र | | | २००० |
| **अन्य व्यवसाय** | | | | |
| ८० | व्युटिपार्लर | | | १००० |
| ८१ | ग्रिल उद्योग | | | २००० |
| ८२ | टायर रिसोलिङ | | | २००० |
| ८३ | हेयर कटिङ | | | १००० |
| ८४ | कवाडी प्रति के.जि. | | | १ |
| ८५ | ग्यास लगायत किचनरी सामग्रीहरु | | | १००० |

| | | | | |
|---|---|---|---|---|
| ८६ | सावुन उद्योग | १०००० | ५००० | ३००० |
| ८७ | इन्जिनियरिङ कन्सल्टेन्सी सेवा | | ५००० | ३००० |
| ८८ | सूचना प्रविधि कन्सल्टेन्सी सेवा | | ५००० | ३००० |
| ८९ | अन्य कन्सल्टेन्सी सेवा | | ५००० | ३००० |
| ९० | स्वीमिङ पुल सेवा | | | ३००० |
| ९१ | नेटवर्किङ, इन्टरनेट सेवा | | | ३००० |
| ९२ | ट्राभल एजेन्सी | | | ३००० |
| ९३ | ढलान र सर्टिङ सामान भाडामा दिने | | | ३००० |
| ९४ | लेखा परीक्षण सेवा | “क” बर्गको ७०००।०० | “ख” बर्गको ५०००।०० | “ग” वा सो भन्दा मुनीको ३०००।०० |
| ९५ | कागज फ्याक्ट्री | | | २००० |
| ९६ | कपडा उद्योग | | १००००।०० | ३०००।०० |
| ९७ | ह्याण्डी क्राफ्ट | | | २०००।०० |
| ९८ | गारमेण्ट उद्योग | | ८०००।०० | ४०००।०० |
| ९९ | ट्रली तथा ट्रस उद्योग | | ८०००।०० | ४०००।०० |

१. उपरोक्त व्यवसाय दर्ता गर्दा अन्य संघीय वा प्रदेश कानूनले व्यवस्था गरेकोमा सोही बमोजिम हुने र त्यस्तो व्यवस्था नभएको हकमा उल्लिखित दरको कर लागु गर्ने ।

२. उल्लिखित वर्गीकरणमा नपर्ने उद्योगको प्रकृति हेरी बार्षिक ५ सय देखि ५००० सम्म कर लगाउने निर्णय अध्यक्षले गर्नेछ । बार्षिक ५००० भन्दा माथि कर लगाउनु परेमा गाउँ कार्यपालिकाले निर्णय गर्न सक्ने अधिकार प्रत्यायोजन गर्ने ।

३. गाउँपालिकाको कार्यालयमा दर्ता भएका पसल व्यवसायको दर्ता अवधी एक आर्थिक वर्षसम्म कायम रहनेछ र नवीकरण गर्दा दर्ता शुल्कको पचास प्रतिशत नवीकरण शुल्क मात्र लाग्नेछ ।

( )

ि ी,

| क्र.सं. | व्यवसाय विवरण | प्रति बर्ष करका दर रु. |
|---|---|---|
| १ | प्लाष्टिक , कागज आदिमा | २ |
| २ | अन्य कबाडी सबै प्रति के.जी. | १ |
| ३ | अल्लो, साप्पाट लगायत रेशादार जडीबुटी प्रति के.जी. | २ |
| ४ | च्याउजन्य जडिबुटी व्यापार प्रति के.जी. | १ |
| ५ | सल्ले खोटो व्यवसाय | २ |
| ६ | ऊन व्यवसाय | १ |
| ७ | जडा तथा अन्य जडीवुटी तथा बनस्पती | २ |
| | अन्य जडिबुटी वा जिवजन्तु करको हकमा बार्षिक रु. ५०० देखि रु. ५००० सम्मको कर | |

| | |
|---|---|
| | गाउँपालिका अध्यक्षस्तरको निर्णयबाट लगाउन सक्ने र सो भन्दा बढी लगाउनुपर्ने व्यवसायमा गाउँ कार्यपालिकाको निर्णयबाट लगाउन सकिनेछ । |

( )

| क्र.सं. | सवारीको किसिम | बार्षिक सवारी कर (आ.व. २०७५।७६) (प्रति बर्ष दर्ता /नवीकरण) | |
|---|---|---|---|
| १ | बस, ट्रक, लरी तथा अन्य हैभी सवारीहरु | ५००० | |
| २ | कार, जीप | ३००० | |
| ३ | टेम्पु, पावर ट्रिलर | २००० | |
| ४ | भाडाको माइक्रो बस | ३००० | |
| ५ | मोटर साईकल, स्कुटर | १६० सि.सि. सम्म १५०० | १६० सि.सि. भन्दा माथि ३००० |
| ६ | ट्रेक्टर | ३००० | |
| ७ | मिनिट्रक, पिकअप जिप, | ३५०० | |

म्याद नाघी कर बुझाउन आएमा म्याद नाघेको मितिले तिन महिनासम्म थप दस्तुर नलाग्ने र सो भन्दा पछि म्याद नाघेको प्रत्येक बर्षको लागि सतप्रतिशत थप जरिवाना लाग्नेछ ।

अनुसूची

(दफा ८ सँग सम्बन्धित)

## विज्ञापन करका दरहरु

| क्र.सं. | विज्ञापनका माध्यम | करको दर (प्रति वर्ग फिट रु.) |
|---|---|---|
| १ | होडिङवोर्ड प्रति वर्गफिट | १५।०० |
| २ | भित्ते लेखन | १०।०० |
| ३ | तूल व्यानर, फेलेक्स (प्रति हप्ता) | ५।०० |
| ४ | माइकिङ, प्रचार (प्रति दिन) | १००।०० |
| ५ | अस्थायी गेट निर्माण -प्रति गेट) | २००।०० |
| १. स्वीकृत मादक पदार्थ र धुम्रपान व्यवसायको विज्ञापनमा उपरोक्त दरमा २५ प्रतिशत थप कर लाग्नेछ ।<br>२. सार्वजनिक महत्वका जनचेतना वृद्धि गर्ने र सरकारी कार्यालयबाट राखिएका उपरोक्तानुसारका सामग्रीमा कर लाग्ने छैन । | | |

अनुसूची ८
(दफा ९ सँग सम्बन्धित)

## मनोरञ्जन करका दरहरु

| क्र.सं. | व्यवसाय विवरण | करको दर |
|---|---|---|
| १ | सिनेमा हल प्रतिबर्ष | ५०००।०० |
| २ | केबुल लाईन | ३०००।०० |
| ३ | ३ डि सिनेमा हल | ८०००।०० |
| ४ | रमाइलो मेला प्रति दिन | १०००।०० |
| ५ | कन्सर्ट, दोहोरी गित आदि प्रति पटक | १०००।०० |
| ६ | पिकनिक स्पट | ५००।०० |
| ७ | चलचित्र वा टेली चलचित्र सुटिङ्ग | |
| | नेपाली | १०००।०० |
| | विदेशी | २०००।०० |

अनुसूची ९
(दफा १० सँग सम्बन्धित)

## बहाल विरौटी शुल्कका दरहरु

| क्र.सं. | विवरण | प्रति वर्ग फिट दर रु. |
|---|---|---|
| १ | खिजीफलाटे बजार क्षेत्र | ३।०० |
| २ | खिजीफलाटे बाहेक सवै वडाका वजार क्षेत्र | ३।०० |
| ३ | अन्य क्षेत्र | १।०० |

अनुसूची १०
(दफा ११ सँग सम्बन्धित)

## पार्किङ शुल्क

| क्र.सं. | सवारी साधनको किसिम | पार्किङ शूल्क प्रति पटक |
|---|---|---|
| १ | बस, ट्रक, मिनिबस, हेभी गाडी | ५०।०० |
| २ | ट्रिपर, मिनी ट्रक, पिकअप, माईक्रो, भ्यान, जिप, कार, ट्याक्सी, | २०।०० |
| ३ | मोटर साईकल, स्कुटर, पावरट्रिलर | १०।०० |

अनुसूची ११
(दफा १२ सँग सम्बन्धित)

## ट्रेकिङ, क्यानोइङ, प्यारा ग्लाइडिङ, वञ्जिजम्प, जिपफ्लायर, ऱ्याफ्टीङ

| क्र. सं. | विवरण | करको दर |
|---|---|---|
| १ | ट्रेकिङ (प्रति व्यक्ति) | १०० |
| २ | प्यारा ग्लाइडिङ (प्रति पटक) | १०० |

अनुसूची १२
(दफा १३ सँग सम्बन्धित)

## सेवा शुल्क दस्तुर

| (क) **नक्सापास दस्तुर** | | | | |
|---|---|---|---|---|
| | संरचनाको प्रकार | नक्सापास क्षेत्र अनुसार को दस्तुर रु. (प्रति वर्गफिट) | | |
| | | "क" | "ख" | "ग" |
| १. | **आर.सि.सि. मल्टिप्लेक्स व्यवसायिक भवन, लिफ्ट जडान हुने** | | | |
| | अन्डर ग्राउण्ड भुई तला र पहिलो तलामा | ६।०० | ५।०० | ४।०० |
| | दोश्रो तला | ६।०० | ५।०० | ४।०० |
| | तेश्रो तला | ७।०० | ६।०० | ५।०० |
| | चौथो तला | ८।०० | ७।०० | ६।०० |
| | पाँचौ तला | ९।०० | ८।०० | ७।०० |
| | छैठौ तला वा सो भन्दा माथि | १०।०० | ९।०० | ९।०० |
| २. | **आर.सि.सि. सिमेन्टमा जोडाइ भएको घर** | "क" | "ख" | "ग" |
| | अण्डर ग्राउण्ड, भुई तला र पहिलो तलामा | ५।०० | ४।०० | ३।०० |
| | दोश्रो तला | ५।५० | ४।५० | ३।५० |
| | तेश्रो तला | ६।०० | ५।०० | ४।०० |
| | चौथो तला | ७।०० | ६।०० | ५।०० |
| | पाँचौ तला | ८।०० | ७।०० | ६।०० |
| | छैठौ तला वा सो भन्दा माथि | १०।०० | ९।०० | ९।०० |
| ३. | **जस्ता वा अन्य छानो भएको पक्की इटा, ढुंगामा सिमेन्टको जोडाई भएको घर** | "क" | "ख" | "ग" |
| | भुई तला र पहिलो तलामा | ४।०० | ३।५० | ३।०० |
| | दोश्रो तला | ४।५० | ४।०० | ३।५० |
| | **माटोको जडाइमा इटा वा ढुंगाको गारो वा आ.सि.सि., आर.वि.सी. जस्ता सड निर्माण** | "क" | "ख" | "ग" |
| | भुई तला र पहिलो तलामा | ३।०० | २।०० | २।०० |

| | | | | |
|---|---|---|---|---|
| ४. | दोश्रो तला | ३।५० | २।५० | २।५० |
| ५. | अस्थायी घर निर्माण (खपडा, फुस, छाना, प्लाष्टिक) प्रति घर | | | १५०।०० |
| ६ | ले-आउट दस्तुर प्रतिघर | | | ४००।०० |
| ७ | घरको नक्सा प्रतिलिपी दस्तुर एकमुष्ठ | | | ४००।०० |
| ८ | घर सम्पन्न निरीक्षण दस्तुर | | | ४००।०० |
| ९ | नक्सा नामसारी दस्तुर ( नक्सा पासको लागि लाग्ने दस्तुरको) | | | ३० प्रतिशत |

(क) बिना इजाजत गाउँपालिका क्षेत्रमा घर बनाई पछि नक्सा पास गराउने आएमा प्राविधिकले निरीक्षण गरी नक्सा पास गर्न मिल्ने भए सो अवस्थामा तोकिएको दस्तुर लाग्नेछ। अभिलेखीकरणको लागि

(ख) नक्सापास क्षेत्र "क" भन्नाले खिजीफलाटेबजार र आसपाससडकमा मोहोडा भएका जग्गामा बन्ने घरको क्षेत्रलाई बुझाउँछ। नक्सापास क्षेत्र "ख" भन्नाले लिखु भुसिडा सडक र वडा केन्द्र जोड्ने मुल सडकमा मोहडा भएको क्षेत्रलाई जनाउँछ र अन्य क्षेत्रलाई "ग" क्षेत्रले बुझाउनेछ।

**(ख) सिफारिश दस्तुर रु.**

| | | |
|---|---|---|
| १ | नाता प्रमाणित | १०० |
| २ | कन्सुलर प्रमाणित | ५०० |
| ३. | घरजग्गा नामसारी र अन्य मालपोत सम्बन्धी सिफारिस | १५० |
| ४ | घर पाताल / घर कायम प्रमाणित | २०० |
| ५ | घरबाटो प्रमाणित | २०० |
| ५ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिश | १०० |
| ६ | मोही लगत कट्टा सिफारिश | २०० |
| ७ | पति पत्नीको सम्बन्ध बिच्छेदको सिफारिस | १०० |
| ८ | अविवाहित प्रमाणित | २०० |
| ९ | विवाह प्रमाणित | १०० |
| १०. | पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस | |
| | (क) नेपालको लागि | २०० |
| | (ख) भारतको लागि | ५०० |
| | (ग) अन्य मुलूकको लागि | १००० |
| ११. | हकवाला संरक्षण सम्बन्धी सिफारिस (व्यक्ति, संस्था) | १०० |
| १२ | हकवाला वा हकदार प्रमाणित | १०० |
| १३ | कागज मञ्जूरीनामा प्रमाणित | १०० |
| १४ | संघ संस्था दर्ता सम्बन्धी सिफारिस | ५०० |
| | निजी विद्यालय दर्ता वा स्तर बृद्धि, कक्षा वृद्धि | |
| | (क) पुर्व प्राथमिक र मन्टेश्वरी | १५००।०० |

| | | |
|---|---|---|
| १५ | (ख) आधारभुत विद्यालय | २०००।०० |
| | (ग) माध्यामिक | २५००।०० |
| १६ | विद्यालय ठाउंसारी सिफारिश | |
| | (क) पुर्व प्राथमिक र मन्टेश्वरी | ५००।०० |
| | (ख) आधारभुत विद्यालय | ७००।०० |
| | (ग) माध्यामिक | १०००।०० |
| १७ | काठ दाउराको सिफारिस, काठ व्यवसायिक कारोबार सिफारीस प्रति वोट (कुकाठ)⁄ व्यवसायिक काठ | १००।०० |
| १८. | बैदेशिक प्रयोजनको लागि अंग्रेजी सिफारिश प्रमाणीकरण | ५०० |
| १९. | वंशजको नागरिकता सम्बन्धी सिफारिस | १०० |
| २०. | अंगिकृत नागरिकता सम्बन्धी सिफारिस | ५०० |
| २१. | नाम फरक भएको एकै व्यक्ति हो भन्ने सिफारिस | १०० |
| २२ | व्यक्तिगत विवरण सिफारिश | १०० |
| २३. | चार किल्ला प्रमाणित सिफारिस (एक कित्ता भन्दा बढी भएमा थप कित्ताको प्रति कित्ता रु. ५०।०० थप) | १०० |
| २४ | सनाखतको सिफारिस | १०० |
| २५ | जन्म , मृत्यू, जीवित रहेको सम्बन्धी प्रमाणित⁄ सिफारिश | १०० |
| २६ | स्थायी बसोबास, बसाई सराई सम्बन्धी सिफारिस⁄ प्रमाणित | |
| | (क) स्वदेशमा बसोबास | १०० |
| | (ख) भारतमा बसोबास | २०० |
| | (ग) अन्य मूलुक | ५०० |
| २८ | नाम, थर, जन्म मिति संशोधन सिफारिस ⁄प्रमाणित | १०० |
| २९. | सर्जमिन मूचुल्का | १०० |
| ३०. | अमिन शूल्क प्रति कित्ता | ५०० |
| ३१. | विद्यूत जडान सम्बन्धी सिफारिस | |
| | क) टूफेज | १०० |
| | ख) थ्रिफेज | २०० |
| ३२. | टेलिफोन जडान,नामसारी, ठाउसारी सम्बन्धी सिफारिस | १०० |
| ३३. | निजी धारा जडान,नामसारी, ठाउसारी सम्बन्धी सिफारिस | १०० |
| ३४. | चारित्रिक सिफारिस | १०० |
| ३५ | उद्योग स्थापना, ठाउंसारी, नामासारी सिफारिश | |
| | घरेलू, लघू तथा साना उद्योग | २०० |
| | मझौला उद्योग | ५०० |
| | ठुला उद्योग | १००० |
| ३६ | भवन निर्माणको साधारण स्वीकृति सम्बन्धी सिफारिस | १०० |
| ३७ | छात्रवृत्ति सम्बन्धी सिफारिस स्वदेश | १०० |
| ३८ | छात्रवृत्ति सम्बन्धी सिफारिस विदेश | २०० |
| | अपुताली सम्बन्धी सिफरिश | |

| | | |
|---|---|---|
| ३९ | (क) नेपाल भित्रको | ५०० |
| | (ख) विदेशको | १००० |
| ४० | विपन्न विद्यार्थी भएको सिफारिश | निशुल्क |
| ४१ | विपन्न सिफारिश | नि:शूल्क |
| ४२ | अपाङ्ग सिफारिश | नि:शूल्क |
| ४३ | नि:शूल्क वा सशूल्क उपचार सिफारिश | नि:शूल्क |
| | जेष्ठ नागरिक सिफारिस | नि:शूल्क |
| ४५ | जन्म मिति प्रमाणित | १०० |
| ४६ | अस्थायी/स्थायी बसोबास सिफारिश | १०० |
| ४७ | व्यवसाय बन्द, सञ्चालन नभएको सिफारिश | २०० |
| ४८ | व्यापार व्यवसाय नभएको सिफारिश | १०० |
| ४९ | कोर्ट फि मिनाहा सिफारिश | नि:शूल्क |
| ५० | नाबालक परिचयपत्र सिफारिश | १०० |
| ५१ | चौपाया लिनेदिने सम्बन्धी सिफारिश | १०० |
| ५२ | सिफारिस लगायत प्रतिलिपी | **१५०** |
| **अन्य सिफारिस कागजको** | | |
| ५३ | भवन निर्माण दरखास्त फाराम | २०० |
| ५४ | घरपालूवा कूकूर दर्ता र नवीकरण दस्तूर | २०० |
| ५५ | मिलापत्र दस्तूर पक्ष प्रतिपक्ष | ५०० |
| नोटः आर्थिक सहायता, दीन दू:खीहरुको हकमा अध्यक्ष/ वडाध्यक्षको तोक आदेश अनुसार सिफारिश दस्तुर मिनाहा गर्न सकिनेछ । | | |
| (ङ) **सम्पत्ति /आम्दानी प्रमाणित** | | |
| १. | सम्पत्ति मूल्यांकनका आधारमा मूल्यांकन अंकको | ०.१५ प्रतिशत |
| गाउपालिकाले मुल्यांकन गरेको सिफारिसको पुन: नवीकरण गर्नुपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तूरको ५ प्रतिशत राजश्व लिइनेछ । | | |